# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## घ्याङ्गलेख गाउँपालिका, सिन्धुली

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation*
# *and*
# *the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

# (बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७
च.नं : ७७७

श्री घ्याङ्गलेख गाउँपालीका,
सिन्धुली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ। प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या: २०७६।०७७ मिति : २०७६।०३।२५
च.नं : ९३२
श्री प्रमुखज्यू,
घ्याङ्गलेख गाउँपालिका,
सिन्धुली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले घ्याङ्गलेख गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३ करोड ७७ लाख ३९ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.५५ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.९ लाख ९१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड २२ लाख ४० हजार र पेश्की रु. ९० लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना बिस (२०) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्यगल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# घ्याङलेख गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५/७६

**निकायको परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाँउपालीकाको मुख्य उद्द्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित यस गाँउपालिकामा ५ वडा, २८ गाउँसभा सदस्य, १६६.७७ वर्ग कि.मि. क्षेत्रफल र १३७६१ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष –** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :–

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **४९४६९१००.१३** | १ | **खर्च** | **२५२६७४७६९.७८** |
| | क) बैंक मौज्दात | ४७६५९१००.१३ | १.१ | केन्द्रीय समानीकरण अनुदान | ५४०४७०६४.४० |
| | ख) विपद व्यवस्थापन कोष | १८१००००.०० | १.२ | केन्द्रीय सशर्त अनुदान | ८११९८९०२.३० |
| २ | **आन्तरिक आय** | **२८२९४१३.०६** | १.३ | आन्तरिक आम्दानी | ३२८२९७३५.६५ |
| | क) बहाल कर | ६९६७६.०० | १.४ | आन्तरिक आम्दानी तथा राजस्व | ३०८९१९६४.१८ |
| | ख) सेवा शुल्क | ४५०६०.०० | १.५ | अर्थ बजेट खर्च | २१६७४२१.६० |
| | ग) सेवा दस्तुर | ५२६०५०.०० | १.६ | फिर्ता खर्च | १३२७१४.६५ |
| | घ) भुमी तथा मालपोत कर | २५७२५६.५४ | १.७ | जेष्ठ नागरिक र सामाजिक सुरक्षा | १७३९५४००.०० |
| | ङ) अन्य प्राप्ति | १९३१३७०.५२ | १.८ | एल.जी.सी.डि.पि. | ३०४७५०.०० |
| ३ | **वित्तीय हस्तान्तरण, केन्द्र** | **१९२७७०७४७.७७** | १.९ | विपद व्यवस्थापन कोष खर्च | २२००००.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ६०००००००.०० | १.१० | प्रदेश विशेष अनुदान खर्च | १३६५८८७५.०० |
| | ख) सशर्त अनुदान | ९०७६९०५०.०० | १.११ | प्रदेश सशर्त अनुदान | १३१७३९६४.०० |
| | ग) राजस्व बाँडफाँड | ४२००१६९७.७७ | १.१२ | पदेश समानीकरण अनुदान | ६१५४०००.०० |
| ४ | **प्रदेश सरकारबाट अनुदान** | ९०७२८३९७.९० | १.१३ | धरौटी फिर्ता | ४९९९७८.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ७६८४०००.०० | २ | **को.ले.नि.का.मा निकासा फिर्ता** | **१२७६९८७२.७०** |
| | ख) सशर्त अनुदान | १६९३५०००.०० | | क) जेष्ठ नागरिक र सामाजिक सुरक्षा | १९९६००.०० |
| | ग) समपुरक | ६८९५०००.०० | | ख) सशर्त अनुदान संघ | ९५७०१४७.७० |
| | घ) विशेष अनुदान | ५०००००००.०० | | ग) स्थानीय पूर्वाधार विकास | ३०००००० .०० |
| | ङ) राजस्व बाँडफाँड | ९२१४३९७.९० | | घ) एल.जि.सी.डी.पी. | १२५.०० |
| ५ | **स्थानीय पूर्वाधार विकास** | **३००००००.००** | ३ | **बैंक मौन्दात** | **९६०३४८८०.९८** |
| ६ | **एल.जि.सी.डी.पी.** | **३०४८७५.००** | | क) संचित कोष खाता | ९२३३०२९०.९८ |
| ७ | **जेष्ठ नागरिक र सामाजिक सुरक्षा** | **१७५९५०००.००** | | ख) धरौटी खाता | १११४५९०.०० |
| ८ | **अर्थ बजेट** | **२१६७४२१.६०** | | ग) कर्मचारी कल्याण कोष | ५०००००.०० |
| ९ | **धरौटी** | **१६१४५६८.००** | | घ) विपद व्यवस्थापन कोष | २०९००००.०० |
| १० | **विविध कोषतर्फको आम्दानी** | **१००००००.००** | | | |
| | क) कर्मचारी कल्याण कोष | ५०००००.०० | | | |
| | ख) दैवी प्रकोप विशेष कोष | ५०००००.०० | | | |
| | **जम्मा** | **३६,१४,७९,५२३/४६** | | **जम्मा** | **३६,१४,७९,५२३/४६** |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँ पालिकाले प्रत्येक वर्ष श्रावण १ गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै नगरपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । गाउँपालिकाको आर्थिक विवरणको विश्लेषण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :–<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा कार्यक्रमको प्राथमिकरण गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा पालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वकृति भए वमोजिमको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।<br>• गाउँपालिकाले आ.व.२०७५।०७६को आर्थिक विवरण र खर्चको फाँटवारीमा खर्च शीर्षकगत बजेट बर्गीकरण गरेको देखिएन । खर्च शिर्षकगत बजेट वर्गीकरण नगर्दा कुन खर्च शिर्षकमा कति रकम खर्च भयो भन्ने एकिन गर्न सकिएन गाउँपालिकाले तोकिएको ढाँचामा आर्थिक विवरणहरु तयार पार्ने र खर्च शिर्षकगत बजेट बर्गीकरण गरी खर्च लेखांकन गर्नुपर्दछ ।<br>• गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा कार्यालयले आर्थिक वर्षको बीचमा केही कारोबारमा SUTRA प्रयोग गरे पनि आर्थिक वर्षको अन्तिम महिना तिरका कारोबारहरु म्यानुअल नै राखेका कारण सबै कारोबारको एकिकृत प्रतिवेदन समेत तयार भएको छैन । साथै आर्थिक कारोबार गरेको मिति अनुसार गोश्वारा भौचरको सिलसिलेवार नम्बर पनि मिलेको छैन । तोकिए बमोजिमको लेखांकन सफ्टवयेर प्रयोग गरी आर्थिक वर्षभरिको कारोबारको एकीकृत प्रतिवेदन तयार पारी वित्तीय विवरणको शुद्धता कायम गर्ने तर्फ ध्यान दिनु पर्दछ ।<br>• लेखा, श्रेस्ता र बैंक रिकन्सिलिएशन स्टेटमेण्टको आधारमा आर्थिक कारोबारको वार्षिक हिसाब यकिन गर्नु पर्नेमा बैंक स्टेटमेन्टका आधारमा मात्र हिसाब यकिन गर्ने गरेका कारण लेखा श्रेस्ताहरु अद्यावधिक भएको देखिँदैन । साथै कार्यालयले बैंक र स्रेस्ता अनुसारको मौज्दात भिडान गर्न बैंक रिकन्सिलिएशन स्टेटमेण्ट तयार गरेको छैन । | |
| १.१. | **अनुदान फिर्ता नपठाएको –** प्रदेश सशर्त अनुदान तर्फ यस वर्ष रु. १,६९,३५,०००।- निकासा भई रु. १३१,७३,९६४।- खर्च भई रु. ३७,६१,०३६।- बाँकी रहेको देखिन्छ । उक्त बाँकी रकम प्रदेश सञ्चित कोषमा पठाएको नपाइएकोले फिर्ता हुनुपर्ने रु. | ३६,६१,०३६/- |
| १.२. | यसै गरी प्रदेश समपूरक अनुदान तर्फ प्राप्त भएको रु. ६८,९५,०००। खर्च नभई बाँकी रहेको देखिएकोले उक्त रकम प्रदेश सञ्चित कोषमा फिर्ता पठाउनु पर्ने वा नपर्ने सम्बन्धमा यकिन हुनुपर्ने देखिएको रु. | ६८,९५,०००/- |
| २. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य | |

| | | |
|---|---|---|
| | सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायअनुसार छन्:-<br>● गाउँपालिकाको जिन्सी सामानको एकीकृत विवरणमा कतिपय जिन्सी समानहरुको सहायक जिन्सी खाता बेगर वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखाईएको छ भने मूल जिन्सी खाता अध्यावधिक गरेको देखिएन<br>● कार्यालयले कार्यक्रमगत तथा योजनागत खाता नराखेको तथा गाउँपालिकाबाट संचालित कार्यक्रम, योजना संचालन तथा सेवा प्रवाह समेतको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको देखिएन् ।<br>● निजामती सेवा ऐन, २०४९ को दफा ५ क मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।<br>● सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।<br>● आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) बमोजिम प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-१४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा सो तयार पारेको देखिएन ।<br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| ३. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२), (३) र दफा ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने भए नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७५/७६ को आन्तरिक लेखापरीक्षण गराएको पाइएन । अतः नियमानुसार आन्तरिक लेखापरीक्षण गराई वित्तीय व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ । | |
| ४. | **लेखा श्रेस्ता तथा अभिलेख सम्बन्धमा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ (१) मा प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नु पर्ने र लेखा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नु पर्ने व्यवस्था छ । कार्यालयको लेखा श्रेस्ता परीक्षण गर्दा खर्च लेखेका गोश्वारा भौचरहरु सिलसिलाबद्ध ढंगले नराखेको, वित्तीय समानीकरण र सशर्त अनुदानतर्फको खर्चको श्रेस्ता एउटैमा मिसाएर राखेको साथै सबै गोश्वारा भौचरहरु कारोबारको मिति र संकेत नम्बर सहित बैंक नगदी किताबमा चढाएको देखिएन । लेखापरीक्षणको क्रममा गोश्वारा भौचरहरुको सिलसिलेबार नम्बर चढाउन लगाई विषयगत खर्चको एकमुष्ट बैंक नगदी किताबका आधारमा श्रेस्ता परीक्षण गरिएको छ । | |
| ५. | **विवरण पेश नभएको :** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७६ अनुसार स्थानीय तहबाट विभिन्न सूचना तथा विवरण संकलन गर्नका लागि लागि निर्धारण गरिएका विभिन्न २७ वटा फारमहरु लेखापरीक्षण शुरु गर्नुभन्दा १ महिना अगाडि नै उपलब्ध गराइएकोमा उक्त फाराम तथा अनुसूची अनुसारका विवरण लेखापरीक्षणको क्रममा आंशिक विवरण मात्र पेश हुन आयो । अतः उक्त फारमहरुबाट प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यहोराहरु समावेश गर्न सकिएन । | |
| ६. | **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा व्यवस्थित र अद्यावधिक अभिलेख व्यवस्थापन गर्नु पर्दछ । | |

| | | |
|---|---|---|
| ७. | **भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदनः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ। साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन भने भ्रमण प्रतिबेदन समेत पेश गरेको देखिएन। साथै कार्यालयमा उपस्थित रहेको दिनमा समेत अनुगमन तथा भ्रमणमा खटिएको देखिन्छ। यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन। तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ। | |
| ८. | **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ। यस गाउँपालिकाले वित्तीय समानीकरण लगायत बिभिन्न शीर्षकबाट यो वर्ष रु.१२ करोड ३७ लाख ८० हजारको पूँजीगत खर्च/खरिद कार्य गरेको छ। तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ। अतः यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | |
| ९. | **उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन। यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ। | |
| १०. | **उपभोक्ता समित दर्ता :** संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन। गाउँपालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन। उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | |
| ११. | **आयोजना हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन। समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा गाउँपालिकाको ध्यान जानुपर्दछ। | |
| १२. | **गाउँ पालिका केन्द्र सम्बन्धी निर्णय तथा कार्यालय भवन निर्माण सम्बन्धमा –** घ्याङ्लेख गाउँपालिको केन्द्र रहने स्थान सम्बन्धमा सभाका सदस्यहरु बीचमा मतैक्यता हुन नसकी गाउँ सभाको | |

| | | |
|---|---|---|
| | मिति २०७५।१२।११ को बैठकमा वडा नं. १ अध्यक्ष श्री रामकाजी वाइबाद्वारा सभामा पेश भएको "घ्याङ्लेख गाउँपालिको केन्द्र वडा नं. ३ स्थित सोला भञ्ज्याङ्गमा राखियोस्" भनी पेश भएको प्रस्ताव उपर मतदान हुँदा गाउँसभाका २८ मध्ये २५ सदयस्य अर्थात् ८९.२८ प्रतिशत सदस्यबाट उक्त प्रस्ताव पारित भएको देखिन्छ । तर गाउँ कार्यपालिका कार्यालयले उक्त स्थानमा कार्यालय भवन निर्माण नगरी वडा नं. २ स्थित हायुटार र डुम्रे दुई फरक स्थान (करिब ४ कि.मी.को दूरी) मा २ वटा ट्रस भवन बनाउन रु. ९८,०२,९१३।- को लागत अनुमान स्वीकृत गरी उक्त कार्य एक निर्माण व्यवसायी मार्फत् गराउन मिति २०७६।३।१६ मा रु. ६५,०५,१८०।- को सम्झौता गरेको पाइयो । निर्माण व्यवसायीलाई २०७६।३।१८ मा मोबिलाइजेशन पेश्की वापत रु. १३ लाख पेश्की प्रदान गरेको र २०७६।६।२५ मा ४६ लाख २६ हजार भुक्तानी गरेको देखिन्छ । उक्त खर्च प्रदेश विशेष अनुदान शीर्षकबाट भएको छ ।<br>यसरी गाउँपालिको केन्द्र सम्बन्धमा सभाको दुई तिहाभन्दा बढी सदस्यले गाउँपालिकाको बीच भागमा पर्ने (सबैलाई पायक पर्ने) स्थानमा प्रस्ताव गरेकोमा सोभन्दा अन्यत्र भवन निर्माण गर्ने/गराउने कार्य मनासिब र औचित्यपूर्ण देखिएन । | |
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजीगत तर्फ)** | |
| १३. | **ज्याला तथा निर्माण सामग्रीको दररेट –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्लाभरि वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एक समिति रहने, यस्तो दररेट निर्धारण गर्दा प्रचलित बजार दरलाई आधार लिनुपर्ने, हरेक वर्षको श्रावण महिनाभित्र त्यस्तो दररेट निर्धारण गरिसक्नुपर्ने र यसरी निर्धारित दररेटको सूचना प्रमुख जिल्ला अधिकारीले जिल्लाभित्रका सबै कार्यालयहरुमा पठाई सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखापरीक्षकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने व्यवस्था छ ।<br>यस गाउँपालिकाले सिन्धुली जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेट प्रयोग नगरी गाउँ कार्यपालिकाले पालिका क्षेत्रभित्र लागू हुने गरी छुट्टै दररेट निर्धारण गरेको पाइयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला तथा महशूलको स्थानीय दररेट तोक्ने सक्ने व्यवस्था रहेको भए तापनि निर्माण सामग्रीको दररेट जिल्ला दररेट निर्धारण समितिले तय गरेकोभन्दा बढी रहेको पाइयो । यस्तो दररेट निर्धारण गर्दा बजारमा प्रचलित दररेट, गत विगतको दररेट लगायतका पक्षलाई आधार लिने असल अभ्यास रहेको पाइन्छ । कार्यपालिकाले यस्तो दररेट निर्धारण गर्दा यस्ता पक्षलाई ध्यान दिन सकेको पाइएन । अतः निर्माण सामग्री तथा ज्यालाको दररेट निर्धारण गर्दा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ । | |
| १४. | **लागत सहभागिता –** तर्जुमा गरी लागू गरिएको उपभोक्ता समिति गठन, परिचालन, योजना तर्जुमा एवम् छनौट कार्यक्रम तथा व्यवस्थापन सम्बन्धमा फिक्कल गाउँ कार्यपालिकाद्वारा मिति २०७५।१।१२ मा जारी "घ्याङ्गलेख गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" को दफा ७(३) मा उपभोक्ता समितिले कूल लागतको कम्तीमा १० प्रतिशत नगद सहभागिता र २० प्रतिशत श्रमदान गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । कार्यालयले लागत सहभागिता वापत कूल लागतको १० प्रतिशत तोकेकोमा उक्त रकम स्थानीय सञ्चित कोषमा दाखिला नगराई उपभोक्ता समितिकै खातामा जम्मा गराउने गरेको पाइयो । समितिहरुको खातामा रहेको रकम जुनसुकै वेला निजहरुले झिक्न सक्ने अवस्था रहेकोले योजनाहरुको कार्यान्वयनमा यथार्थ रुपमा लागत सहभागिता जुटेको अवस्था देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । अतः लागत सहभागिता वापत लाभग्राही समुदायबाट उठाइएको रकम एक निश्चित कोषमा राख्ने वा त्रुटि सच्याउने अवधि पश्चात् मात्र फिर्ता गर्ने व्यवस्था हुनुपर्दछ । | |
| १५. | **मर्मत सम्भार कोष –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । अतः | |

| | | |
|---|---|---|
| | निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गर्नु पर्दछ । | |
| १६. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| १७. | **निर्माण कार्यको गुणस्तर –** गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको कार्यविधि, २०७५" को दफा १२ मा उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुने, गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ :–<br>● स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने,<br>● कार्यालयसँग भएको सम्झौता बमोजिम निर्माण विधि र प्रकृयाको गुणस्तर कायम गर्नुपर्ने,<br>● उपभोक्ता समिति मार्फत् हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हने,<br>● योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समिति सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने<br>उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर तथा दिगोपना कायम गर्ने सन्दर्भमा कार्यविधिले उपर्युक्तानुसारका व्यवस्था गरेको भए तापनि कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । | |
| १८. | **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । | |
| १९. | **फाराम तथा अनुसूचीहरुको प्रयोग –** गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" मा सार्वजनिक परीक्षण (अनुसूची ३), खर्च सार्वजनिक सूचना फाराम (अनुसूची ४), भौतिक तथा वित्तीय प्रगति (अनुसूची ६) लगायतका फाराम तथा अनुसूचीहरुको व्यवस्था गरिएको भए तापनि निर्माण कार्यको रनिङ्ग बिल तथा अन्तिम बिल भुक्तानी माग गर्दा उपभोक्ता समितिहरुले ती विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । कतिपय फारमहरु खाली नै राखी दस्तखत मात्र गरेर पेश गर्ने गरेको पाइयो । अतः यस्ता फाराम तथा अनुसूचीहरु पूर्ण रुपमा भरी आएपछि मात्र भुक्तानी हुने गरी सुदृढ आन्तरिक नियन्त्रणको व्यवस्था हुनुपर्दछ । | |
| २०. | **पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च –** महालेखा नियन्त्रक कार्यालयले २०७४ कार्तिकमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । तर कार्यालयले सो भन्दा फरक हुने गरी तालिम, प्रशिक्षण, सीप विकास, सचेतना अभिवृद्धि, पोशाक तथा | |

| | | |
|---|---|---|
| | भेषभुषा खरिद, ज्येष्ठ नागरिक, एकल महिला सम्मान, महिला स्वयंसेविका प्रोत्साहन, लक्षित वर्ग कार्यक्रम, आर्थिक सहायता/विपद व्यवस्थापन जस्ता चालु प्रकृतिका कार्यक्रमहरु पनि पूँजीगत कार्यक्रममा समावेश गरी खर्च गरेको पाइयो । यसरी चालु/कार्य सञ्चालन प्रकृतिका कार्यमा पूँजीगत बजेट खर्च गर्दा एकातर्फ पूँजीगत कार्यमा भएको खर्चको यथार्थ तस्वीर चित्रण नहुने तथा पूँजीगत सम्पत्ति निर्माण तथा सिर्जनामा पनि योगदान नपुग्ने हुँदा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ । | |
| २१. | **अनुत्पादक क्षेत्रमा लगानी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, क्लब भवन, मन्दिर, गुम्बा निर्माण/मर्मत, खेलकुद मैदान जस्ता योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो ।<br>यस्ता अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ । | |
| २२. | **सडक नाला बायो-इञ्जिनियरिङ्ग सम्बन्धमा –** सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणी पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्रयाक, सडक विस्तार तथा मर्मत/सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू-क्षय रोक्नका लागि बायो-इञ्जिनियरिङ्ग कार्य समेत गर्दै जानुपर्ने कार्यालयले सो तर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो-इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षात्मा सञ्चालनमा आउन नसक्ने, वर्षात्पछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू-क्षय तथा भू-स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ । | |
| २३. | **घटी लम्बाइमा कार्य –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने साथै नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण गराएका कतिपय सडक निर्माण योजनाहरुमा लागत अनुमान तथा सम्झौतामा उल्लेख भएको लम्बाइभन्दा घटी (कतिपय योजनामा आधाभन्दा कम) लम्बाइमा सडक खन्ने कार्य (नयाँ ट्रयाक तथा सडक विस्तार समेत) भएको पाइयो । यसरी लम्बाइ घटे तापनि उक्त आइटमको कार्य परिमाण भने पुरै वा सोभन्दा बढी परिमाणको भुक्तानी गरेको पाइयो । कतिपय योजनामा नापी किताबमा चौडाइ वा उचाइ बढाएर तथा कतिपयमा चट्टानको अनुपात बढाएका कारणबाट पुरा लम्बाइमा सडक खन्ने कार्य नभएको अवस्थामा पनि सम्झौता अनुसारको पुरै रकम भुक्तानी भएको अवस्था छ । यसरी घटी लम्बाइमा बाटो कटिङको कार्य भएको अवस्थामा नमूना छनौट गरी परीक्षण गरिएका निम्नलिखित ८ योजनाहरुमा पुरै कार्य परिमाण वा काम भएको अनुपातमा बढी कार्य परिमाणको भुक्तानी दिएको सम्बन्धमा क्रस सेक्शन ड्रइङ्ग सहितको प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने देखिएको रु. | ०/- |

| भौ.नं./मिति | सडक योजनाको नाम | लागत अनुमान/सम्झौता अनुसार | | नापी किताब अनुसार | | काम भएको लं. अनुसार हुने परिमाण (घ.मी.) | लम्बाइको अनुपातमा बढी परिमाण (घ.मी.) | औ. दर रु. | थप रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लम्बाई (मी.) | एक्साभेशन को परिमाण (घ.मी.) | कूल लम्बाई (मी.) | एक्साभेशन को परिमाण (घ.मी.) | | | | |
| ५६-०७५/११/१७ | पहरी लेक रामपुर डाँडा अधुरो सडक | २६०० | २०९५९ | १७०० | २१६३३ | १३७०४ | ७९२९ | ६७/७९ | ५३७,५०७/- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११८-०७६/२/०१ | खट्टार अमले अम्बोटे सडक | ९००० | ३९७१२ | ८३५० | ३८५५३ | ३६८४४ | १७०९ | ७२/३१ | १२३,५७८/- |
| १३३-०७६/२/०७ | शिखरपुर बन्दीपुर बेलकोट सडक | ५१०० | ७५७५२ | २०५० | ४०६२५ | ३०४४९ | १०१७६ | १०१/०५ | १०,२८,२८४/- |
| १३५-०७६/२/०७ | पिपलभञ्ज्याङ्ग दक्षिणकाली | ११०० | ९९८८ | ५०० | ९०७४ | ४५४० | ४५३४ | ७३/२२ | ३३१,९७९/- |
| १६१-०७६/३/१७ | डल्लुडाँडा पटवास सडक निर्माण | ४१५० | ३१०४६ | ३००० | ३०९८५ | २२४४३ | ८५४२ | ७१/५३ | ६११,०१०/- |
| १६४-०७६/३/१७ | सोलाभन्ज्याङ्ग आहालडाँडा सडक | २६०० | २४७५७ | १८५० | २५२२९ | १७६१६ | ७६१३ | ६५/८३ | ५०१,१६४/- |
| १८०-०७६/३/२५ | सोलाभन्ज्याङ्ग ढुंगे सातदोबाटो | ३५०० | ५६८३२ | १९१८ | ४४८९९ | ३११४४ | १३७५५ | ८६/३८ | ११,८८,१५७/- |
| | | २८०५० | | १९३६८ | | | ५४२५८ | **जम्मा** | **०/-** |

२४. **माटो र चट्टान काट्ने कार्यको अनुपात –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शन ड्रइङ्ग समेत नराखी स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा नरम तथा कडा चट्टान १५ देखि ५५ प्रतिशतसम्म राखेको पाइयो । प्राविधिक पुष्ट्याइँ तथा आधार र क्रस सेक्शन ड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि हुने अवस्था देखिएको छ । यस किसिमको प्रवृत्तिमा सुधार हुनुपर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन् :-

| **योजनाको नाम** | **कूल रोड वे एक्साभेशनपरिमाण ( घ.मी.)** | **माटो, चट्टान अनुपात (प्रतिशत)** | | | | **एक्साभेशन दर रु. (प्रति घ.मी.)** | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **नरम माटो** | **कडा माटो** | **नरम चट्टान** | **मध्यम/कडा चट्टान** | **नरम माटो** | **कडा माटो** | **नरम चट्टान** | **मध्यम/कडा चट्टान** |
| सिम्पाल चैनपुर रातु राङ्चा बस्ती सडक | ४६८० | ४० | ३५ | १५ | १० | ५६/४० | ६७/७९ | ९१/२० | १४०/५१ |
| पहरी लेक रामपुर डाँडा अधुरो सडक | २०९५९ | ५० | २५ | १५ | १० | ५६/४० | ६७/७९ | ९१/२० | १४०/५१ |
| मश्राङ्गे कबासे आहाले चौकीटार | १२६५४ | ५० | २५ | १५ | १० | ५६/४० | ६७/७९ | ९१/२० | १४०/५१ |
| डल्लुडाँडा पटवास सडक निर्माण | ३१०४६ | ७५ | १५ | १० | ५ | ५६/४० | ६७/७९ | ९१/२० | १४०/५१ |
| शिखरपुर बन्दीपुर बेलकोट सडक | ७५५५२ | ४५ | ३० | १५ | १० | ५६/४० | ६७/७९ | ९१/२० | १४०/५१ |
| सोलाभन्ज्याङ्ग ढुंगे सातदोबाटो | ४४८९९ | १५ | ३० | ४० | १५ | ५६/४० | ६७/७९ | ९१/२० | १४०/५१ |

२५. **बढी मू.अ.कर भुक्तानी –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर दर्ता भएको व्यक्ति वा फर्मले बिजक जारी बिजक जारी गर्नुपर्ने र त्यससरी जारी भएको अनुसारको मू.अ.कर भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले उपभोक्ता समिति मार्फत् गराइने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ईँटा, सिमेण्ट, डण्डी लगायतका नन-लोकल निर्माण सामग्रीको स्वीकृत पालिका दरमा १३ प्रतिशतले हुने मू.अ.कर वापतको रकम समावेश गरी सम्बद्ध आइटमहरुको दर विश्लेषण गरेको पाइयो। लागत अनुमानको लागि गरिएको दर विश्लेषणमा समावेश भएको त्यस्ता निर्माण सामग्रीको दरभन्दा उपभोक्ता समितिहरुले खरिद गरेको दर घटी रहेको पाइयो। उपभोक्ता समितिहरु निर्माण कार्यको रनिङ्ग तथा अन्तिम बिल भुक्तानीका लागि पेश भएको बिल, बिजक अनुसार त्यसरी निर्माण सामग्रीको दरमा भिन्नता भएको कारण लागत अनुमानमा समावेश भएको त्यस्ता निर्माण सामग्रीको मू.अ.कर भन्दा उपभोक्ताले यथार्थ रुपमा आपूर्तिकर्तालाई तिरेको मू.अ.कर घटी रहेको देखिन्छ। अतः उपभोक्ता समितिलाई देहाय अनुसार बढी भुक्तानी देखिएको मू.अ.कर रकम असूल हुनुपर्ने रु. ३०३,२३७/-

| भौ.नं./मिति | योजनाको नाम | निर्माण सामग्री | परिमाण | दर विश्लेषण अनुसारको दर | बिल, बिजक अनुसारको दर | फरक दर | फरक मू.अ.कर दर | बढी भुक्तानी भएको मू.अ.कर. |
|---|---|---|---|---|---|---|---|---|
| ६९-०७५/११/१४ | महिला भवन निर्माण (वडा नं. १) | ईंटा | ५३०९ (९.४८ घ.मी.) | १९/५० | ८/- | ११/५० | १/५० | ७९६४ |
| ११०-०७६/१/२४ | इ.प्र.का. भवन निर्माण, बस्तीपुर | ईंटा | १०२५४ (१८.३१ घ.मी.) | १९/५० | ८/- | ११/५० | १/५० | १०६६४ |
| | | सिमेण्ट | २८० बोरा | ११५०/- | ७६५/४९ | ३८४/५१ | ४९/९९ | १३९९७ |
| ११०-०७६/१/२७ | वडा कार्यालय भवन, (वडा नं. २) | ईंटा | १३२२२ (२३.६१ घ.मी.) | १९/५० | ८/८५ | १०/६५ | १/३८ | १८३७९ |
| १२१, १५१-०७६/३/१३ | प्रा.वि. सिम्ले ५ कोठे भवन | ईंटा | ११३१२ (२०.२० घ.मी.) | १९/५० | ८/८५ | १०/६५ | १/३८ | १५७२४ |
| | | | ३६५ बोरा | ११५०/- | ७६५/ | ३८५/- | ५०/- | १८२५० |
| १२७, २१० | महिला भवन निर्माण (वडा नं. २) | ईंटा | १७३८२ (३१.०४ घ.मी.) | १९/५० | १०/- | ९/५० | १/२४ | २१५५४ |
| | | सिमेण्ट | ३२५ बोरा | ११५०/- | ७६५/४९ | ३८४/५१ | ४९/९९ | १३९९७ |
| ९८, १४५, २१२ | वडा कार्यालय भवन, (वडा नं. ४) | ईंटा | १८२९० (३२.६६ घ.मी.) | १९/५० | ८/- | ११/५० | १/५० | १६२४७ |
| | | सिमेण्ट | ३५० बोरा | ११५०/- | ७३०/- | ४२०/- | ५४/९० | १९११० |
| १२९-०७६/२/१५ | महिला भवन निर्माण (वडा नं. ३) | ईंटा | १०२८२ (१८.३६ घ.मी.) | १९/५० | ९/- | १०/५० | १/३७ | १४०८६ |
| १४९-०७६/३/०८ | नि.मा.वि. टुनिभञ्ज्याङ्ग भवन | ईंटा | ६९३३ (३१.०४ घ.मी.) | १९/५० | ९/- | १०/५० | १/३७ | ९४९८ |
| | | सिमेण्ट | १५० बोरा | ११५०/- | ७६५/- | ३८५/- | ५०/०५ | ७५०८ |
| १५२, १८१-०७६/३/२५ | प्रा.वि. भैंसे पूर्वाधार निर्माण | ईंटा | २३७८९ (४२.४८ घ.मी.) | १९/५० | ८/८५ | १०/६५ | १/३८ | ३२८२८ |
| | | सिमेण्ट | ३६५ बोरा | ११५०/- | ७६५/- | ३८५/- | ५०/०५ | १८२६८ |
| १७२-०७६/३/१९ | बर्थिङ्ग सेण्टर भवन (वडा नं. ४) | ईंटा | ६९६१ (१२.४३ घ.मी.) | १९/५० | ८/- | ११/५० | १/५० | १०४४२ |
| २०१-०७६/३/३० | साना सिंचाइ उपभोक्ता समिति | सिमेण्ट | ५२७ बोरा | ११५०/- | ७६५/- | ३८५/- | ५०/०५ | २६३४५ |
| | | डण्डी | २५४४ के.जी. | ८४/- | ७३/४५ | १०/५५ | १/३७ | २५४४ |
| २१३-०७६/३/३० | दुई कोठे नयाँ कक्षाकोठा (वडा नं. ५) | ईंटा | १२८०७ (२२.८७ घ.मी.) | १९/५० | ९/- | १०/५० | १/३७ | १७५४६ |
| | | सिमेण्ट | १५५ बोरा | ११५०/- | ७३८/- | ४१२/- | ५३/५६ | ८२८६ |
| | | | | | | | **जम्मा** | **३०३२३७/-** |

२६. **नापी किताब पेश नभएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ। निम्नलिखित योजनाहरुको रनिङ्ग बिल तथा अन्तिम बिलको

भुक्तानी गरेकोमा नापी किताब संलग्न गरेको पाइएन । निर्माण कार्यको नाप जाँच गरी सो अनुसारको परिमाण बिलमा उल्लेख गरी भुक्तानी गर्नुपर्नेमा सो संलग्न नगरी भुक्तानी गरेको पाइएकोले बिल भुक्तानी हुनु अघि नाप, जाँच भएको नापी किताब पेश हुनुपर्ने रु. ०/-

| भौ.नं./मिति | योजनाको नाम | रनिङ्ग बिल नम्बर | भुक्तानी रु. | व्यहोरा |
|---|---|---|---|---|
| ३७-०७५/१०/९ | अर्चले कान्फोल्योङ्ग हात्तीहाल राङ्चा सडक | दोस्रो/अन्तिम | २६७,०५२ | ८६०९ घ.मी. माटो कटिङ्गको भुक्तानी भएकोमा ३९९३ घ.मी. को मात्र नापी पेश |
| २५, ६३-०७५/११/१४ | अमले सुकाचुरी पटवाँस कोल्टार छर्छरे ज्यामिरे सडक | दोस्रो र तेस्रो/अन्तिम | ३६०,५०० | १५०८४ घ.मी. माटो कटिङ्गको भुक्तानी भएकोमा ८३९२ घ.मी. को मात्र नापी पेश |
| ३३, ४०, ६९-०७५/११/२७ | बछिउँटार मतनवास अधुरो सडक | पहिलो र दोस्रो/अन्तिम | ९८५,५०० | दुवै बिलको नापी पेश नभएको । |
| २८, ५३-०७५/११/२७ | बुदुमचुली मोटरबाटो निर्माण | पहिलो र दोस्रो/अन्तिम | ५८४७७८ | दुवै बिलको नापी पेश नभएको । |
| २६, ५१-०७५/११/७ | खानीखोला ज्ञानडाँडा अधुरो सडक | पहिलो र दोस्रो/अन्तिम | ५८५१३६ | दुवै बिलको नापी पेश नभएको । |
| ३५, ९५-०७५/१२/२२ | रामपुर सुब्बाडाँडा स्याउरी डाँडा सडक | पहिलो र दोस्रो/अन्तिम | ९४७,०३२ | दुवै बिलको नापी पेश नभएको । |
| ३०, ४२-०७५/१०/१४ | गैरी लामाटोल मगरटोल सल्ले हायुटार | पहिलो र दोस्रो/अन्तिम | ९००,१८५ | दुवै बिलको नापी पेश नभएको । |
| | | **जम्मा** | **४,६३०,१८३/-** | |

२७. **सिंपाल–चैनपुर–रातु राङ्चा–बस्ती सडक निर्माण** उपभोक्ता समितिलाई रु. २०,००,०००।– भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा निम्न व्यहोरा देखियो :–

२७.१. **थप चौडाइ –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत डिजाइन/लागत अनुमान अनुसार निर्माण कार्य हुनुपर्दछ । यस योजनाको स्वीकृत डिजाइन/लागत अनुमान अनुसार सडकको चौडाइ ४ मीटर रहेको र सोही चौडाइमा लेभलिङ्ग/सर्फेसिङ्ग गर्ने कार्य गर्ने उल्लेख भएकोमा नापी किताबमा ५ मीटर राखी कार्य परिमाण गणना गरेको पाइयो । जसको कारणबाट ६५०० मीटर लम्बाइ र ०.३० मीटर उचाइमा कटिङ्गको कार्य हुँदा थप १९५० घ.मी. परिमाणको प्रति घ.मी. रु. ६७७९ का दरले रु. १३२,१९०/- थप व्ययभार परेको रु. १३२,१९०/-

२७.२. यस योजनाको स्वीकृत डिजाइन/लागत अनुमान अनुसार १५०० मीटर लम्बाइमा लेभलिङ्ग/सर्फेसिङ्ग गर्ने र स्टोन सोलिङ्ग, पक्की नाला सहितको कार्य गर्ने उल्लेख भएकोमा लेभलिङ्ग/सर्फेसिङ्ग कार्य ६५०० लम्बाइमा गरी स्टोन सोलिङ्ग र पक्की नालाको काम देहाय अनुसार घटी परिमाणमा गरेको पाइयो :–

| आइटम | सम्झौता अनुसारको लम्बाइ | कार्य भएको लम्बाइ (नापी किताब अनुसार) |
|---|---|---|
| Stone Soling in Road | 485 m | 213 m |
| Masonary Drain | 210 | 110 |

यसरी सम्झौता अनुसारको कार्य नगराई सम्झौता फरफारक गरेको मनासिब देखिएन ।

२८. **चेनेज ओभरल्याप –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । साथै निर्माण कार्यको नापी गर्दा चेनेज ओभरल्याप हुन नदिने व्यवस्था हुनुपर्दछ ।

नि.मा.वि. गोपेदेखि गोपे फेदीसम्मको अधुरो सडक मर्मत/निर्माण उपभोक्ता समितिलाई रु. ९०१,७६०।– भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा योजनाको स्वीकृत डिजाइन/लागत अनुमान अनुसार चेनेज ०+००० देखि २+७०० सम्म २.७० कि.मी. सडक सर्फेसिङ्ग/ग्रेडिङ्ग र चेनेज २+७५० देखि ३+९५० सम्म १२०० मीटरमा ६ मीटर चौडाइको नयाँ ट्र्याक निर्माण गर्ने उल्लेख छ । तर नापी किताब अनुसार सर्फेसिङ्ग/ग्रेडिङ्गको कार्य चेनेज ०+००० देखि ०+८७६ सम्म र नयाँ ट्र्याकको कार्य चेनेज ०+००० देखि १+३०० सम्म गरेको पाइयो । स्वीकृत लागत अनुमान तथा सम्झौता अनुसार चे. २+७०० भन्दा अगाडि नयाँ ट्र्याकको कार्य गर्नु नपर्ने देखिन्छ । तर कार्यालयले सो चेनेज अगाडि नै नयाँ ट्र्याकको कार्य गरेको भनी नापी किताबमा सो को कार्य परिमाण चढाई भुक्तानी गरेको पाइयो । जसले गर्दा नयाँ ट्र्याकको

<table>
<tr><td></td><td>कार्य गरेको चेनेज ०+००० देखि १+३०० सम्मको काममा चेनेज ओभरल्याप अर्थात् दोहोरोपना देखिएको छ ।<br>अतः उक्त चेनेजमा नयाँ ट्र्याकको लागि माटो तथा चट्टान खन्ने कार्यको परिमाण १२६२२.५० घ.मी. को लागि प्रति घ.मी. रु. ६९।३१ भएको भुक्तानी रु. ७९९,१३०- का सम्बन्धमा प्राविधिक पुष्ट्याइँ सहित यकिन हुनुपर्ने देखिएको रु.</td><td>७९९,१३०/-</td></tr>
<tr><td>२९.</td><td>भौ.नं. ७०, ९४, ११८-०७६/२/०१<br>खट्टार–अमले–अम्बोटे सडक स्तरोन्नति उपभोक्ता समितिलाई रु. ४९,९१,१५१।– भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा ग्याबियन बक्स आपूर्तिको संलग्न बिल अनुसार ३*१*१ साइजको बक्स ३८ वटा (११४ घ.मी.), २*१*१ साइजको बक्स ११० वटा (२२० घ.मी.) र ०.५*१*१ साइजको बक्स २०० वटा (१०० घ.मी.) आपूर्ति गरेको देखिन्छ । तर नापी किताब तथा बिलमा ३*१*१ साइजको मात्र बक्स १५५ थान समावेश गरी ४६५ घ.मी. को भुक्तानी गरेको पाइयो । जसको कारणबाट ३१ घ.मी. परिमाणको प्रति घ.मी. रु. ३९६८।७७ का दरले बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.</td><td>१२३,०३२/-</td></tr>
<tr><td>३०.</td><td>२०४-०७६/३/३०<br>सौर्य ऊर्जा उपकरण जडान – गाउँपालिकाको वडान नं. ४ र ५ स्थित २ स्वास्थ्य चौकीमा सौर्य ऊर्जा प्रविधि जडान आपूर्ति तथा जडानको लागि बि. एण्ड आर. इण्टरप्राइजेज, धरानलाई रु. ४७३,०००।- भुक्तानी गरेकोमा उक्त मालसामान कार्यालयको गोदाममै रहेको पाइयो । अतः उक्त मालसामान सम्बन्धित स्वास्थ्य चौकीमा जडान गरिएको प्रमाण पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>जि.आई. तारको टेष्ट रिपोर्ट – निर्माण सामग्रीको Technial Specification अनुसार गुणस्तर कायम रहे, नरहेको सन्दर्भमा आवश्यक ल्याब टेष्ट गराई सोको प्रतिवेदन लिनुपर्दछ । कार्यालयले तटबन्ध, सडक संरक्षण लगायतमा प्रयोग गर्नको लागि उपभोक्ता समिति मार्फत् ग्याबियन तारजाली खरिद गर्ने गरेकोमा सो को गुणस्तर परीक्षण प्रतिवेदन गराउने गरेको पाइएन । अतः निर्माण कार्यको सम्झौता गर्दा Quality Assurance Plan (QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या (Volume and Frequncy) मा गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरुको गुणस्तर कायम गर्नुपर्दछ । ग्याबियन तार जाली (हेभी कोटेड) को ल्याब टेष्ट रिपोर्ट बेगर भुक्तानी भएका केही उदाहरण देहाय अनुसार छन् :–
<table>
<tr><th>भौ.नं./मिति</th><th>योजनाको नाम</th><th>तार जालीको साइज</th><th>परिमाण (संख्या)</th><th>रकम रु.</th></tr>
<tr><td>११९, १५०-०७६/३/१३</td><td>चन्दनपुर ठाडोखोला तटबन्ध</td><td>३*१*१</td><td>२९४</td><td>१०,७४,०५९/-</td></tr>
<tr><td>११८-०७६/२/०१</td><td>खट्टार अमले अम्बोटे सडक</td><td>३*१*१</td><td>४६५</td><td>१८,४५,४७६/-</td></tr>
<tr><td>१३४-०७६/२/०६</td><td>खानीखोला रैका कोल्टा तटबन्ध</td><td>३*१*१</td><td>२४०</td><td>५३७,०२९/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२.</td><td>कर बिजक जारी नगरेको – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर दर्ता भएको व्यक्ति वा फर्मले बिजक जारी बिजक जारी गर्नुपर्ने र त्यसरी बिजक जारी नगरेको अवस्थामा दफा २९ अनुसार हरेक पटक रु. ५ हजार जरिवाना हुने व्यवस्था छ ।<br>कार्यालयले विभिन्न सडक निर्माण योजना निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता गरे तापनि सडक खन्ने कार्यको लागि उपभोक्ता समितिले अन्य फर्म/निर्माण कम्पनीहरुको हेभी इक्विपमेण्ट/मेशिन प्रयोग गर्ने गरेकोमा मू.अ.कर दर्ता भएका त्यस्ता व्यक्ति, फर्मले मू.अ. कर बिजक जारी नगरी रकम बुझिलिएको भर्पाई मात्र पेश गरेको पाइयो । यसरी निर्धारित ढाँचाको बिल, बिजक जारी नहुँदा त्यस्ता फर्मको बिक्री खातामा कारोबार रकम प्रविष्टि नहुने र मू.अ.करको साथै आयकर समेत छलिने सम्भावना रहने हुँदा निर्धारित ढाँचाको बिल, बिजक जारी भएको अवस्थामा मात्र भुक्तानी गर्ने व्यवस्था हुने गरी आन्तरिक नियन्त्रण सुदृढ पार्नु पर्ने देखिन्छ साथै देहाय अनुसारका फर्मबाट निम्नानुसारको कारोबारमा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने हुनुपर्ने रु.</td><td>०/-</td></tr>
<tr><td></td><td colspan="2">
<table>
<tr><th>गो.भौ.न./मिति</th><th>योजनाको नाम</th><th>फर्मको नाम</th><th>स्थायी लेखा नम्बर</th><th>भुक्तानी रकम</th><th>समावेश भएको मू. अ. कर रकम</th></tr>
<tr><td>९-०७५/८/११</td><td>अमले सुकाचुरी पटवाँस कोल्टार छर्छरे ज्यामिरे सडक</td><td>टि.एम.पी. कन्स्ट्रक्शन</td><td></td><td>५०२२००/-</td><td>५७७७५/-</td></tr>
<tr><td>१३--०७५/८/</td><td>सिम्पाल चैनपुर रातु राङ्चा बस्ती सडक</td><td>तामाङ्ग मरिण कन्स्ट्रक्शन</td><td>३०३७६७३८१</td><td>५५५०००/-</td><td>६३८५०/-</td></tr>
<tr><td>१४-०७५/८/१९</td><td>पहरी लेक रामपुर डाँडा अधुरो सडक</td><td>तामाङ्ग मरिण कन्स्ट्रक्शन</td><td>३०३७६७३८१</td><td>४९९५१०/-</td><td>५७४६६/-</td></tr>
</table></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| २१-०७५/९/४ | खरीबोटे ढोडे अधुरो सडक | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | २५३०००/- | २९१०६/- |
| २२-०७५/९/५ | पहरी लेक रामपुर डाँडा अधुरो सडक | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ६१००००/- | ७०१७७/- |
| २५-०७५/९/१२ | अमले सुकाचुरी पटवाँस कोल्टार छर्छरे ज्यामिरे सडक | टि.एम.पी. कन्स्ट्रक्शन | | २४८४००/- | २८५७७/- |
| २८-०७५/९/२३ | बुद्धमचुली मोटरबाटो | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ४४२७५०/- | ५०९३६/- |
| ३०-०७५/९/२३ | गैरी लामाटोल मगरटोल अँधेरी | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ५०००००/- | ५७५२२/- |
| ३३-०७५/९/३० | बछिउटार मतनवास अधुरो सडक | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ६७००००/- | ७७०८०/- |
| ३५-०७५/१०/९ | रामपुर सुब्बा डाँडा अधुरो सडक | जय बज्रगुरु हेभी इक्विपमेण्ट प्रा.लि. | | ५०५०००/- | ५८०९७/- |
| ३६-०७५/१०/९ | खरीबोटे ढोडे अधुरो सडक | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ३०१८००/- | ३४६२८/- |
| ३७-०७५/१०/९ | अर्चले कान्फोल्योङ्ग हात्तीहाल | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | २९७०००/- | ३४१६८/- |
| ४०-०७५/१०/१४ | बछिउटार मतनवास अधुरो सडक | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ४२५०००/- | ४८८९४/- |
| ४१-०७५/१०/१४ | मश्राङ्गे कबासे आहाले चौकीटार | कुलदेवी निर्माण सेवा | | ५४००००/- | ६२१२४/- |
| ४५-०७५/१०/१४ | डल्लुडाँडा पटवास सडक निर्माण | देवीरमण कन्स्ट्रक्शन | | ९८४५००/- | ११३२६१/- |
| ४७-०७५/१०/२९ | आरुबोट तल्कुडाँडा मोटर बाटो | शान्तेश्वरी कन्स्ट्रक्शन कं | | ३९०००/- | ४४८६७/- |
| ५३-०७५/१२/७ | बुदुमचुली मोटर बाटो | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | १३४०००/- | १५४१६/- |
| ६१-०७५/११/१४ | खट्टार अमले अम्बोटे सडक | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ७७५५००/- | ८९२१७/- |
| ६९-०७५/११/२७ | बछिउटार मतनवास अधुरो सडक | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ४१५०००/- | ४७७४३/- |
| ७०-०७५/११/२७ | खट्टार अमले अम्बोटे सडक | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ७४८०००/- | ८६०५३/- |
| ९३-०७५/१२/२१ | सोलाभन्ज्याङ्ग आहाले मोटर बाटो | शान्तेश्वरी कन्स्ट्रक्शन कं | | ३५१०००/- | ४०३८१/- |
| ९४-०७५/१२/२१ | खट्टार अमले अम्बोटे सडक | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ५४७२५०/- | ६२९५८/- |
| ११८-०७६/२/०१ | खट्टार अमले अम्बोटे सडक | तामाङ्ग मरिण कन्स्ट्रक्शन | ३०३७६७३८१ | ७२३२००/- | ८३२००/- |
| १२०-०७६/१/२६ | सोलाभन्ज्याङ्ग ढुंगे सातदोबाटो | शान्तेश्वरी कन्स्ट्रक्शन कं | | ९०००००/- | १०३५४०/- |
| १५३-०७६/३/१३ | आरुबोट तल्कुडाँडा मोटर बाटो | शान्तेश्वरी कन्स्ट्रक्शन कं | | ७२५०००/- | ८३४०७/- |
| १६३-०७६/३/१७ | स्वास्थ्यचौकी घडेरी तथा मोटर बाटो | शान्तेश्वरी कन्स्ट्रक्शन कं | | ३५५०००/- | ४०८४०/- |
| १६४-०७६/३/१७ | सोलाभन्ज्याङ्ग आहालडाँडा सडक | शान्तेश्वरी कन्स्ट्रक्शन कं | | ६६९०००/- | ७६९६५/- |
| १६५-०७६/३/१७ | वडा नं. ३ अन्तर्गतका सडक | देवीरमण कन्स्ट्रक्शन | | १०९५०००/- | १२५९७३/- |
| | | | | **जम्मा** | **०/-** |

३३. **सवारी साधन खरिद** – स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धिी निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाउँ पालिकाले यस वर्ष डबल क्याब पिकअप थान १ र ब्याक हो लोडर थान १ खरिद गरी निम्नानुसार रु. ६१ लाख १० हजार खर्च खर्च लेखेको छ । गाउँ पालिकाको आफ्नो आन्तरिक आय ८ लाख रु. ९८ हजार मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन ।

| गो.भौ.न./मिति | विवरण | संख्या | आपूर्तिकर्ताको नाम | रकम रु. |
|---|---|---|---|---|
| ७१-०७५/११/३० | ब्याक हो लोडकर | १ | केशरीचन्द भवरलाल एण्ड कं. प्रा.लि. | ३६,५०,०००/- |
| ८१-०७५/११/३० | डबल क्याब पिकअप | १ | अग्नि इन्कर्पोरेटेड प्रा.लि. | २४,६०,०००/- |
| | | | **जम्मा** | ०/- |

(क) माथि उल्लिखित ब्याक हो लोडर मिति २०७५।११।३० कार्यालयमा दाखिला हुन आएकोमा यस वर्ष उक्त मेशिन प्रयोगबाट कुनै आम्दानी प्राप्त गरेको देखिएन ।

**प्रदेश विशेष अनुदान तर्फ**

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट यो वर्ष गाउँपालिकालाई विद्युतीकरण तथा सडक स्तरोन्नति कार्यका लागि रु.५,००,००,०००/- करोड बजेट विनियोजन भएकोमा रु. १,३६,५८,८७५/- खर्च गरेको विवरण प्राप्त भएको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :–

३४. भौ.नं. १५५-०७६/३/१३, १८७-०७६/३/२५

**पाखुरेफेदी–घट्टेटेश्वर–रामपुर सडक स्तरोन्नति**

गाउँपालिकाबाट उक्त सडक योजनामा सडक नाला, स्टोन सोलिङ्ग सहितको स्तरोन्नति कार्य गर्न यस वर्ष रु. ४९,०१,९१५/-(मू.अ.कर सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका २ बोलपत्रमध्ये घटी अंक रु. ४८,६६,८६७/- (०.७१ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी **श्री एन. एस. कन्स्ट्रक्शन, काभ्रे**सँग उक्त कार्य २०७६।३।२५ भित्र सम्पन्न

गर्ने गरी मिति २०७६/२/८ मा सम्झौता भई निर्माण व्यवसायीलाई २ वटा बिलबाट रु. ४५,९२,२८०/- भुक्तानी भएको छ। यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :–

३४.१. **स्वीकृत डिजाइन/लागत अनुमान अनुसार नभएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत डिजाइन/लागत अनुमान अनुसार निर्माण कार्य हुनुपर्दछ।
स्वीकृत/डिजाइन तथा लागत अनुमान अनुसार उक्त सडकको नालाको वालको चौडाइ २७.५० से.मी. भएकोमा नापी किताब अनुसार पक्की नाला बनेको कूल लम्बाइ ३४० मीटरमध्ये ११५ मीटरर खण्डमा ७५ से.मी. राखेको पाइयो। यसरी स्वीकृत डिजाइन/लागत अनुमानमा उल्लेख भएभन्दा २.७३ गुणा बढी चौडाइ राखेको सम्बन्धमा डिजाइन/लागत अनुमान संशोधन गराएको समेत पाइएन। यसरी चौडाइ बढाएको कारणबाट म्यासनरी वालको परिमाण देहाय अनुसार ८१.९४ घ. मी. ले बढेको देखिन्छ। जसको कारणबाट बन्नुपर्ने पुरा लम्बाइमा साइड नालाको काम समेत भएको छैन। अत: यसरी अस्वाभाविक रुपले वालको चौडाइ बढाउनाको कारण, आधार तथा प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने रु. ८,१९,४००/-

| आइटम | लम्बाइ | थप गरेको चौडाइ | उचाइ | थप कार्य परिमाण | दर रु. | थप व्ययभार रु. |
|---|---|---|---|---|---|---|
| Masonary wall for drain | 115 m | ०.४७५ | १.५ | ८१.९४ | १०,०००/- | ८,१९,४००/- |

३४.२. **थप व्ययभार** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ। नापी किताब अनुसार पक्की नाला ३४० मीटर मात्र बनेको देखिन्छ। तर सोको जग खन्ने कार्य १८१२ मीटरमा भएको देखाई एक्साभेशन कार्यको भुक्तानी भएको छ। जसले गर्दा देहाय अनुसार रु. ६४,७१८।- थप व्ययभार परेको रु. ६४,७१८/-

| आइटम | थप लम्बाइ | चौडाइ | उचाइ | थप कार्य परिमाण | दर रु. | फरक रकम |
|---|---|---|---|---|---|---|
| EXcavation for Drain foundation | 1472 m | ०.९५ | ०.५२ | ७२७.१७ | ८९/- | ६४,७१८/- |

३४.३. **पुरा काम नभएको** – स्वीकृत डिजाइन/लागत अनुमान तथाा सम्झौतामा ६५० मीटर पक्की नाला बनाउने उल्लेख भएकोमा नापी किताब अनुसार ३४० मीटर मात्र बनेको देखिन्छ। यसरी पुरा काम नभएकै अवस्थामा खरिद सम्झौता फरफारक गरेको मनासिब देखिएन।

३५. <u>भौ.नं. १६०-०७६/३/१७, १८९-०७६/३/२७</u>

**<u>चन्दनपुर–भैंसे–बस्तीपुर–काफ्लेचौर सडक स्तरोन्नति</u>**

गाउँपालिकाबाट उक्त सडक योजनामा सडक नाला, स्टोन सोलिङ्ग सहितको स्तरोन्नति कार्य गर्न यस वर्ष रु. ४९,०१,८९५/-(मू.अ.कर सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये घटी अंक रु. ४८,७६,०६४/- (०.५३ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी **श्री सिन्धुली बिल्डर्स**सँग उक्त कार्य २०७६।३।२५ भित्र सम्पन्न गर्ने गरी मिति २०७६/२/८ मा सम्झौता भई निर्माण व्यवसायीलाई २ वटा बिलबाट रु. ३९,४७,४२५/- भुक्तानी भएको छ। यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :–

३५.१. **सम्झौता अनुसार कार्य नभएको** – यस सडक योजनाको स्वीकृत डिजाइन/लागत अनुमान तथा सम्झौता अनुसार सडक लेभलिङ्ग तथा सर्फेसिङ्गको कार्य ७७१ मी. लम्बाइमा हुनुपर्नेमा नापी किताब अनुसार ६२६ मीटर मात्र भएको तर माटो कटिङ्गको पुरै परिमाणको भुक्तानी गरेको पाइयो। काम भएको लम्बाइको अनुपात अनुसार ३८५८ घ.मी.को मात्र भुक्तानी हुनुपर्नेमा बि.ओ.क्यू अनुसारको पुरै परिमाण ४७७२ घ.मी. को भुक्तानी गरेका कारण प्रति घ.मी. ९७।- का दरले ८९४।- घ.मी. रु. ८६,७१८/- थप व्ययभार पारेको देखिएको रु. ८६,७१८/-

३५.२. **चेनेज नखुलाएको** – सडक निर्माण कार्य गर्दा काम भएको स्थानको चेनेज तथा लोकेशन खुलाउनुपर्ने व्यवस्था छ। स्वीकृत डिजाइन/लागत अनुमान अनुसार ३९१ मीटर लम्बाइमा स्टोन सोलिङ्ग कार्य गर्नुपर्नेमा नापी किताब अनुसार ३५३.४० मीटर मात्र गरेको पाइयो। साथै उक्त कार्यको चेनेज तथा लोकेशन समेत खुलाएको नपाइएकोले चेनेज तथा लोकेशन खुलेको नापी किताब पेश हुनुपर्ने रु. (३५३.४० घ.मी.*२६४५/८१) ९३५,०२९/-

३५.३. **मू.अ.कर बीजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर दर्ता भएको व्यक्ति वा फर्मले अनुसूची ५ को ढाँचामा सिलसिलेवार नम्बर सहितको बिजक जारी बिजक जारी गर्नुपर्ने

व्यवस्था रहेको छ । यस सडक योजनाका निर्माण व्यवसायी श्री घ्याङ्गलेक निर्माण सेवाले दोस्रो तथा अनितम भुक्तानी पाउनका लागि जारी गरेको कर बीजकमा बीजक नं. नै उल्लेख गरेको नपाइएकोले कार्यालयबाट भुक्तानी भएको ५० प्रतिशत मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने हुनुपर्ने रु. ५९,०५५/-

३६. भौ.नं. १५५-०७६/३/१३, १८७-०७६/३/२५

**सोलाभञ्ज्याङ्ग–बेलबोट–रामपुर बजार सडक स्तरोन्नति**

गाउँपालिकाबाट उक्त सडक योजनामा सडक नाला, स्टोन सोलिङ्ग सहितको स्तरोन्नति कार्य गर्न यस वर्ष रु. ९८,०३,०७८/-(मू.अ.कर सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका ३ बोलपत्रमध्ये घटी अंक रु. ९७,९१,५२८/- (०.१२ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी **श्री घ्याङ्गलेक निर्माण सेवा, सिन्धुली**सँग उक्त कार्य २०७६।३।२५ भित्र सम्पन्न गर्ने गरी मिति २०७६/२/१५ मा सम्झौता भई निर्माण व्यवसायीलाई २ वटा बिलबाट रु. ९५,०६,६९०/- भुक्तानी भएको छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :–

३६.१. **सम्झौता अनुसार कार्य नभएको –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत डिजाइन/लागत अनुमान अनुसार निर्माण कार्य हुनुपर्दछ । यस सडक योजनाको स्वीकृत डिजाइन/लागत अनुमान तथा सम्झौता अनुसार १९९० मा सडक विस्तार (कटिङ्ग तथा फिलिङ्ग कार्य) हुनुपर्नेमा नापी किताब अनुसार १७३० मीटर लम्बाइमा मात्र भएको तर कटिङ्ग तथा फिलिङ्गको भोलुम सो अनुपातमा नघटाई भुक्तानी गरेको पाइयो । जसको कारण देहाय अनुसार रु. ०/- थप व्ययभार पारेको देखिएको रु. ०/-

| कार्य विवरण | लागत अनुमान/सम्झौता अनुसार | | नापी किताब अनुसार | | काम भएको लं. अनुसार हुने परिमाण ( घ.मी.) | लम्बाइको अनुपातमा बढी परिमाण (घ.मी.) | दर रु. | थप रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | कूल लम्बाई (मी.) | एक्साभेशनको परिमाण (घ.मी.) | कूल लम्बाई (मी.) | एक्साभेशनको परिमाण ( घ.मी.) | | | | |
| Cutting | १९९० | ३१८९६ | १७३० | ३१३५७ | २७७२९ | ३६२८ | ११०/- | ३९९,०८०/- |
| Filling | १९९० | ९२९.१७ | १७३० | ९२९.१७ | ८०८ | १२१ | ११९/- | १४,३९९/- |
| | | | | | | | जम्मा | ०/- |

३६.२. **ग्राभेल कार्यको चेनेज नखुलाएको –** स्वीकृत डिजाइन/लागत अनुमान अनुसार ३३० मीटर लम्बाइमा ग्राभेल कार्य गर्नुपर्नेमा नापी किताब अनुसार ९० मीटर मात्र गरेको पाइयो । साथै उक्त कार्यको चेनेज तथा लोकेशन समेत खुलाएको नपाइएकोले चेनेज तथा लोकेशन खुलेको नापी किताब पेश हुनुपर्ने रु. २१७,६५८/-

३६.३. **लागत अनुमान/डिजाइन भन्दा फरक स्थानमा कार्य –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) अनुसार निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, नक्शा, डिजाइन तयार गरी दफा ५क बमोजिम स्वीकृत गर्नुपर्ने र स्वीकृत ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान अनुसार निर्माण गर्न गराउनु पर्ने व्यवस्था छ ।

कार्यालयले उक्त सडक योजनाको स्वीकृत डि.पी.आर/लागत अनुमानमा उल्लेखित स्थान (चेनेज) भन्दा फरक स्थानमा ग्याबियन वर्क्स गराएको पाइयो । यसरी स्थान फरक हुने गरी कार्य गराएकोमा डिजाइन संशोधन वा भेरिएशन आदेश स्वीकृत गराएको तथा तालुक निकायबाट पूर्व स्वीकृति लिएको समेत देखिएन । यस किसिमको प्रचलनमा सुधार हुनु पर्दछ ।

| कार्य विवरण | ल.ई./डिजाइनमा उल्लेखित चेनेज | कार्य गराएको चेनेज (नापी किताब अनुसार) | फरक स्थानमा गराएको कार्य परिमाण |
|---|---|---|---|
| Gabion works | ०+२५०, ०+४३०, ०+५००, ३+७२०, ३+७३०, ३+७४० | ०+३७०, २+१३०, २+२५०, ३+२०० | कूल १०७० घ.मी.मध्ये ७०० घ.मी. |

३६.४. **मू.अ.कर बीजक –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर दर्ता भएको व्यक्ति वा फर्मले अनुसूची ५ को ढाँचामा सिलसिलेवार नम्बर सहितको बिजक जारी बिजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ । यस सडक योजनाका निर्माण व्यवसायी श्री घ्याङ्गलेक निर्माण सेवाले निम्नानुसारका २ वटा बीजक जारी गरेको कर बीजक नं. केरमेट गरी हातले सच्याएको पाइएकोले कार्यालयबाट भुक्तानी भएको ५० प्रतिशत मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने हुनुपर्ने रु. ०/-

| भौ.नं. मिति | बीजक नं. | मू.अ. कर रु. (५० प्रतिशत) |
|---|---|---|
| १५६-०७६/३/१३ | १५६ | २७६४५९/- |
| १८८-०७६/३/२५ | १८८ | २७०३८६/- |

| | | | |
|---|---|---|---|
| | जम्मा | ०/- | |

**३७.** **विद्युतीकरण कार्यक्रम :** केन्द्रीय विद्युत (राष्ट्रिय विद्युत प्रसारण) लाईन विस्तारका लागि यो वर्ष रु. ३ करोड बजेट विनियोजन भएकोमा गाउँपालिकाले देहायका वडाहरुमा विद्युत लाइन विस्तारका लागि बोलपत्रको माध्यमबाट देहायका ठेक्काहरु स्वीकृत गरी रु. ३७,०६,९८७/- खर्च गरेको छ। ठेक्का सम्बन्धी फाइल परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् :

| ठेक्का नं. | वडा नं. | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | लागत अनुमान | स्वीकृत रकम | घटी % | यसवर्ष भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १२/०७५/७६ | वडा नं. १ | युनिकोर्न कन्सर्न प्रा.लि | २०७६/०३/०६ | २०७६/०५/३० | ७३१७१६८ | ६८११८४३ | ६.९१ | ३७०६९८७ |
| १३/०७५/७६ | वडा नं. २ | कैलाश निर्माण सेवा | २०७६/०३/०९ | २०७६/०५/३० | ७३१६७४७ | ६८६६०१६ | ६.१६ | |
| १४/०७५/७६ | वडा नं. ३ | सुनिता एण्ड कविता कन्स्ट्रक्सन | २०७६/०३/०९ | २०७६/०५/३० | ७३१६३०५ | ७०२०९७० | ४.०४ | |
| १५/०७५/७६ | वडा नं. ४ | सुनिता एण्ड कविता कन्स्ट्रक्सन | २०७६/०३/०९ | २०७६/०५/३० | ७३१६८३१ | ७०२३२६६ | ४.०१ | |
| **जम्मा** | | | | | **२९२६७०५१** | **२७७२२०९५** | | **३७०६९८७** |

यो वर्ष ठेक्का नं. १२ को प्रथम रनिङ्ग बिल बाहेक अन्य ठेक्कामा कुनै भुक्तानी भएको देखिएन ।

**३७.१.** **बिमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च वापतको बिमा गराउनु पर्ने र यस्तो बिमाको अवधि निर्माण स्थल सुम्पिएको मितिदेखी मर्मत सम्भार अवधिसम्मका लागि हुनुपर्ने व्यवस्था छ । माथि उल्लेखित कुनै पनि निर्माण व्यवसायीले हालसम्म बिमा गरेको प्रमाण पेश गरेको देखिएन । दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्यमा अनिवार्य रुपमा बिमा गराउने व्यवस्था हुनु पर्दछ ।

**साना सिंचाइ कार्यक्रम (एस.डी.सी. सोझै भुक्तानी) तर्फ**

उक्त कार्यक्रम अन्तर्गत उपभोक्ता समितिलाई नेपाल सरकारको स्रोततर्फको रु. ९३४,६९९। र एस.डी.सी. सोझै भुक्तानी तर्फको रु. ११४३४१०।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा निम्न व्यहोरा देखियो :–

**३८.** **बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । यस योजनाको नापी किताबको विवरण खण्डमा डबल साइड क्यानलको लम्बाई ३९० मी. रहेकोमा ४०० मी. राखी निम्न आइटमको परिमाण गणना गरेको कारणबाट थप भुक्तानी भएको देखिएको रु. ०/- सम्बन्धमा यकिन गरी बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. ०/-

| आइटम | थप लम्बाइ | चौडाइ | उचाइ | परिमाण | दर | रकम रु. |
|---|---|---|---|---|---|---|
| Stone Soling | १० | ०.८० | ०.१० | ०.८० | २२९५/- | १८३६ |
| PCC for RCC: | | | | | | |
| Canal Bed | १० | ०.६० | ०.१० | १.०० | १४४७३/०५ | १४४७३ |
| Canal Wall | २*१० | ०.१० | ०.४० | | | |
| Form work | ४*१० | ०.५० | - | २० | ६०५.८० | १२११६ |
| MS Bar | | | | ५३ के.जी. | १०७/३९ | ५६९२ |
| | | | | | **जम्मा** | **३२२८१/-** |

**संघीय सशर्त अनुदान (शिक्षा तर्फ)**

**३९.** यस गाउँपालिकामा उ.मा.वि./मा.वि.-५, नि.मा.वि./प्रा.वि.-३१ समेत जम्मा ३६ वटा विद्यालयमा जम्मा शिक्षक ११३ र कर्मचारी तर्फ ६२ जना कार्यरत रहेको विवरण प्राप्त भएको छ ।

| | उच्च मा.वि. | मा.वि. | नि.मा.वि. | प्रा.वि. | जम्मा |
|---|---|---|---|---|---|
| **विद्यालय** | ३ | २ | ३ | २८ | ३६ |
| **शिक्षक** | ६ | १२ | १३ | ८२ | ११३ |
| **कर्मचारी** | सहायक कर्मचारी | बालविकास स.का | लेखा सहायक | अन्य | |
| | ३४ | २४ | ४ | ० | ६२ |

**४०.** **फरक शीर्षकबाट निकासा :** विद्यालयलाई शिक्षक कर्मचारीको तलब तथा शसर्त अनुदान वापतको रकम भुक्तानी दिँदा गाउँपालिका शिक्षा शाखाले पेश गरेको निकासा विवरण अनुसार दिनु पर्दछ । भौ.नं. २२८ मिति २०७६/३/१९ बाट रु.१,२५,०१,५९३/- तेश्रो चौमासिक निकासा दिँदा गाउँपालिका अनुदानबाट निकासा दिनुपर्ने शिक्षकको तलव रु.१२,०८,१९४/- र गा.पा. बा.वि. अनुदान रु.१,५२,०००/- समेत

| | | |
|---|---|---|
| | समावेश भएको देखिन्छ । गाउँपालिका अनुदान वापतको रकम गाउँपालिकाको आन्तरिक श्रोतबाट निकासा दिनुपर्नेमा सबै रकम सशर्त अनुदानबाट निकासा दिएको देखिन्छ । सशर्त अनुदानबाट निकासा दिएको गाउँपालिका तर्फको विद्यालय अनुदान वापतको रकम रु. १३,६०,१९४/- गाउँपालिका संचितकोषबाट निकासा लिई संघीय संचितकोषमा फिर्ता पठाउनु पर्ने रु. | १३,६०,१९४/- |

| शिक्षकको तलव भत्ता | वि.क./का.स. तलवभत्ता | छात्रवृत्ति | सामुदायिक सिकाइ केन्द्र | गापा अनुदान शिक्षकको तलव | गापा अनुदान बाल विकास सहायक | जम्मा निकासा |
|---|---|---|---|---|---|---|
| ९६,२६,६९९/- | ११,०२,५००/- | १,०६,०००/- | ३,०६,२००/- | १२,०८,१९४/- | १५२०००/- | १,२५,०१,५९३/- |

| | | |
|---|---|---|
| ४१. | **प्रतिवेदन पेश हुनुपर्ने :** भौ.नं. ९२ मिति २०७६/१/१४ बाट ४ वटा माध्यामिक विद्यालयलाई प्रति विद्यालय रु.११,३७१/- र ३१ वटा आधारभुत विद्यालयलाई प्रति विद्यालय रु. ६,३७१/- का दरले जम्मा ३५ वटा विद्यालयहरुलाई सामाजिक तथा वित्तिय लेखापरीक्षण वापत जम्मा रु.२,४२,९८५/- निकासा दिएको छ । विद्यालयहरुको सामाजिक तथा वित्तीय लेखापरीक्षणको प्रतिवेदन पेश भएको देखिएन । समयमै विद्यालयको सामाजिक तथा वित्तिय लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवदेन पेश हुनुपर्ने रु. | २,४२,९८५/- |
| ४२. | **बढी तलब भत्ता निकासा :** विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता निकासा दिँदा सेवामा वहाल रहेका शिक्षक तथा कर्मचारीको माग फारमका आधारमा मात्र तलव भत्ता निकासा दिनु पर्दछ । भौ.नं. १६५ मिति २०७५/१२/२६ बाट चैत महिनाको तलव भत्ता निकासा दिँदा शारदा नि.मा.वि. भैंसेको माग फारममा रु.७४१४०/- माग गरिएकोमा रु.७७,१४०/- निकासा भएको छ । माग गरेको भन्दा बढी निकासा दिएको रकम असुल गरी दाखिला हुनुपर्ने रु. | ३,०००/- |
| | **चालु खर्च तर्फ** | |
| ४३. | भौ.नं. २३८ मिति २०७६/३/२४ बाट अहेव हेमन्त थापाको जेठ र असार महिनाको तलव भत्ता भुक्तानी दिँदा प्रति महिना रु. ७३९/- ग्रेड भुक्तानी हुनुपर्नेमा रु. १४७८/- ग्रेड भुक्तानी भएको छ । प्रति महिना रु.७३९/- का दरले बढीभुक्तानी भएको ग्रेड रकम रु. १४७८/- असुल हुनुपर्ने रु. | १,४७८/- |
| ४४. | **करकट्टी नगरेको :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार करार सम्झौता बमोजिमको खरिद वापतको रकम भुक्तानी गर्दा भुक्तानी रकममा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ भने दफा ८८ मा सेवा शुल्क भुक्तानी गर्दा भुक्तानी रकममा १५ प्रतिशत पारिश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था गरेको छ । जिल्ला लघु उद्यमी संघ सिन्धुलीसँग भएको फाइबरको झोला उत्पादन तालिम र साबुन बनाउने तालिम वापत रु. ७,९९,४०७/- को भुक्तानी सम्बन्धी श्रेस्ता परीक्षण गर्दा उक्त संस्थाले संचालन गरेको तालिम कार्यक्रममा देहाय बमोजिमको खरिदमा नियमानुसार अग्रिम कर र पारिश्रमिक कर कट्टी नगरी भुक्तानी दिएको देखिन्छ । नियमानुसार कट्टा गर्नुपर्ने कर रकम सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु. | ९७०३/- |

| क्र.सं. | कामको विवरण | आपुर्तिकर्ता/व्यक्ति | भुक्तानी | अग्रिम कर | पारिश्रमिक कर | जम्मा कर |
|---|---|---|---|---|---|---|
| १. | सिलाई मेशिन खरिद | कुँवर निर्माण सेवा | १६९५०० | २२५० | | २२५० |
| २. | सामग्री खरिद | पुन इन्टरप्राइजेज | ११५०९० | १५२८ | | १५२८ |
| ३. | साबुन कटिङ्ग मेशिन | न्यू वि.के. वर्कसप | ५०८५० | ६७५ | | ६७५ |
| ४. | प्रशिक्षक भत्ता | घुरन महतो | ३५००० | ० | ५२५० | ५२५० |
| **जम्मा** | | | **३७०४४०** | **४४५३** | **४०२५०** | **९७०३/-** |

| | | |
|---|---|---|
| ४५. | **जिन्सी दाखिला नभएको :** कार्यालयले खरिद गरेका जुनसुकै मालसामानको भुक्तानी गर्दा कार्यालयमा जिन्सी दाखिला गरेर मात्र भुक्तानी हुनु पर्दछ । भौ.नं. १९७ र १९८ मिति २०७६/२/१७ बाट ट्रान्सवेल नेपाललाई ट्रान्सफरमर खरिद गरे वापत रु.९,९४,४००/- भुक्तानी गरेकोमा उक्त ट्रान्सफरम कार्यालयको जिन्सी खातामा आम्दानी बाँधेको देखिएन साथै ट्रान्सफरमरहरु जाडान गरेको प्राविधिक बिल र कार्य सम्पन्न प्रतिवेदन समेत पेश भएको देखिएन । खरिद गरिएका ट्रान्सफरमरहरु कार्यालयको जिन्सी खातामा आम्दानी बाँध्नुका साथै सम्बन्धित स्थानमा जडान गरेको प्राविधिक बिल र सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ९,९४,४००/- |

| क्र.सं. | सामग्रीको विवरण | परिमाण | इकाई | रकम |
|---|---|---|---|---|
| १. | 100 KVA Transformer | १ | थान | ५९३२५०/- |
| २. | 50 KVA Transformer | १ | थान | ४०११५०/- |
| **जम्मा** | | | **जम्मा** | **०/-** |

| | | |
|---|---|---|
| | **आन्तरिक आय तर्फ** | |
| ४६. | **मेशिन/उपकरणको प्रयोग :** गाउँपालिकाले यो वर्ष रु. ३६,५०,०००/- मूल्यको ब्याक हो लोडर १ थान खरिद गरी २०७५/११/३० मा कार्यालयमा आइपुगेको देखिन्छ । उक्त ब्याक हो लोडरको सञ्चालन भएको मेशिन घण्टा, ईन्धन खर्च खुल्ने लग शीट तथा आम्दानीको अभिलेख राख्ने गरेको पाईएन । साथै यो वर्ष ब्याक हो लोडरबाट कुनै आम्दानी प्राप्त भएको विवरण समेत प्राप्त भएन । २०७५ चैत्र देखी २०७६ असारसम्म उक्त ब्याकहो लोडर कति घण्टा कसकसले प्रयोग गरेको हो र ब्याकहो लोडर कसको जिम्मामा रहेको छ छानबिन गरी गाउँपालीकाले सवारी साधन परिचालन र व्यवस्थित गर्ने कार्यविधि समेत तर्जुमा गरी सोही बमोजिम ब्याकहो लोडरको प्रयोग गर्नु पर्दछ । | |
| ४७. | **प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन :** कार्यालयले ढुंगा, गिट्टी र बालुवा आदि खनिज जन्य पदार्थ उत्खननका लागी प्रारम्भिक वातावरण अध्ययन गरी सोही अनुसार उत्खनन् एंव ठेक्का बन्दोवस्त गरिनु पर्दछ । कार्यालयले गाउँपालिका क्षेत्रमा पर्ने नदीबाट नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त गर्न वातावरणीय अध्ययन (IEE) गराएको छ । प्रतिवेदन अनुसार बिभिन्न ६ वटा खोलाबाट जम्मा ६७३५० घन मिटर ढुंगा, गिट्टी बालुवा उत्खनन् गरी निकासी गर्न सकिने र सो बाट गाउँपालिकालाई प्रति घनमिटर रु.७० का दरले रु.४७,१४,५५०/- राजस्व आर्जन गर्न सकिने उल्लेख छ । गाउँपालिकाले यो वर्ष ढुंगा गिट्टी, बालुला संकलनबाट कुनै राजस्व आर्जन गर्न सकेको देखिएन । वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेको परिमाणमा ढंगा गिट्टी बालुवा उत्खनन् गरी गाउँपालिकाको आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान जानु पर्दछ । | |
| ४८. | **नगदी आम्दानी तथा मालपोतबाट आन्तरिक आय –** गाउँपालिकाले यो बर्ष नगदी रसिद तथा मालपोत रसिद ठेली बाट एकिकृत सम्पत्तिकर विभिन्न शिर्षकमा आम्दानी गरेको छ । उक्त आम्दानी कारोबार गर्दा देहाय अनुसार गरेको पाइयो : | |
| ४८.१ | **रसिद ठेलीको प्रयोग –** गाउँपालिकाले आम्दानी गर्दा प्रयोग गरिने नगदी रसिद ठेली के कति छपाईबाट प्राप्त भएको मध्ये के कति प्रयोग भई मौज्दात कति रहेको छ, सो स्पष्ट देखिने गरी नगदी रसिद नियन्त्रण खाता राखेको छैन । भएका नगदी रसिद ठेली के कसरी कुन मितिमा प्राप्त भएको हो सो स्पष्ट छैन । तसर्थ नगदी रसिद ठेली आम्दानी खर्च र बाँकि स्पष्ट देखिने गरी तयार गर्ने कार्यमा गाउँपालिकाको ध्यान जानु पर्दछ । | |
| ४८.२ | **वडागत आय विवरण तयार नगरेको :** वडा कार्यालयहरु मार्फत मालपोत र नगदी रसिरबाट आय संकलन गर्ने गरिएकोमा वडागत असुलीको विवरण तयार पारेको छैन । वडा कार्यालयहरुलाई बुझाएको नगदी रसिदको संख्या र नम्बर तथा वडा कार्यालयहरुबाट फिर्ता आएका रसिद ठेली र नम्बरको अद्यावधिक विवरण राख्ने गरेको छैन । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडा कार्यालयको आयमा गरेको योगदान एकिन हुन सकेन । अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| | **जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम** | |
| ४९. | यस गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ता वापत रु. १७३,९५,४००/- खर्च गरेकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् : | |
| ४९.१ | **नगद वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २२ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्ताको रकम वडा सचिवहरुको बैंक खातामा पेश्की पठाई वडा सचिवहरुले हातहातै लाभग्राहीहरुलाई वितरण गरेको देखिन्छ । हातहातै नगद वितरण गरी औंठा छाप लगाएको भरपाईको आधारमा पेश्की फछ्र्यौट गर्ने गरेको छ । कार्यविधिले हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था गर्दा गर्दै पनि नगद वितरण गर्ने गरेको देखिएकाले यथाशिघ्र यस्तो कार्य बन्द गरी लाभग्राहीको बैंक खाता मार्फत मात्र रकम वितरण गर्ने व्यवस्था गर्नु पर्दछ । | |
| ४९.२ | **विवरण अद्यावधिक नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १९ मा केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेबारी | |

सम्बन्धित स्थानीय तहको हुने व्यवस्था छ । यस कार्यालयबाट सामाजिक सुरक्षा वितरण गरिने लाभग्राहीको केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा देखिएको र रकम वितरण भरपाईमा देखिएको विवरण मेल खाएको देखिँदैन । विगत देखी भत्ता रकम वितरण हुँदै आएका तर लगतमा नाम नभएका कतिपय लाभग्राहीलाई रकम वितरण गरेको देखिन्छ । केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा भएको लगतबाट नै रकम वितरण भरपाई तयार पारी सोही बमोजिम मात्र रकम वितरण गर्नु पर्दछ । लगतमा नभएको व्यक्तिको नाम भरपाईमा हुने, भरपाईमा हातले नाम थप्ने जस्ता काम गरेको देखिएकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अद्यावधिक र दुरुसत छ भन्ने सकिने अवस्था छैन । अनुगमन तथा मूल्याङ्कन समितिले विवरण अद्यावधिक गर्न लगाई सोही विवरण बमाजिम मात्र रकम वितरण गर्ने तर्फ ध्यान जानु पर्दछ ।

४९.३ **अनुगमन तथा निरीक्षण नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ८ मा अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गरेको छ । जस अनुसार सामाजिक सुरक्षा तथा जेष्ठ नागरिक कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्न, स्थानीय स्तरको अनुगमन तथा मूल्याङ्कन समिति बनाई उक्त समितिले यस कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्ने, लाभग्राहीको अभिलेख निरीक्षण गर्ने, लाभग्राहीसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गर्ने, सेवा प्रभावकारी भए नभएको जानकारी हासिल गर्ने, वडा कार्यालयबाट भएका सार्वजनिक सुनुवाईको प्रतिवेदन अध्ययन गरी प्राप्त सुझाव कार्यान्वयनको समिक्षा गर्ने, कार्यक्रम सम्बन्धमा अनियमितता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागि सिफारिश गर्ने, सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान भए नभएको बारे अध्ययन गरी गर्नुपर्ने सुधारका विषयमा सुझाव दिने लगायतका काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ । कार्यालयबाट सामाजिक सुरक्षा वापतको रकम वडा सचिवहरुमार्फत नगदै वितरण गर्ने गरेका कारण वडा सचिवहरुलाई समेत जोखिम भएको भन्ने बारम्बारको गुनासोलाई सम्बोधन नगरेको, कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण हुने नगरेको साथै लाभग्राहीहरुसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गरी सुधारका लागि सुझाव दिने गरेको समेत देखिएन । कानुनले निर्धारण गरेको काम, कर्तव्य अधिकारको सही प्रयोग गरी अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

४९.४ **दोहोरो भुक्तानी :** वडा नं. २ वडा सचिव कमल लामाको तिनवटै चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण गरेको फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् :–

क) कान्छी माया लो -जन्म मिति २०९८/१/१४) लाई जेष्ठ नागरिक अन्य शिर्षकमा दोश्रो चौमासिक रु.४,०००/- र तेश्रो चौमासिक रु.८,०००/- समेत रु. १२,०००/- दोहोरो भुक्तानी भएको छ । यसरी एकै व्यक्तिलाई दिएको दोहोरो भुक्तानी रु.१२,०००/- असुल गरी दाखिला हुनुपर्ने रु. १२,०००/-

ख) सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अभिलेख राख्ने किताब (ढड्डा) मा देहायका व्यक्तिहरुको नाम नरहेता पनि सामाजिक सुरक्षा भत्ता वितराण गरेको पाइयो । निजहरु लाभग्राही हुन् वा होइनन् यकिनन हुनु पर्दछ ।

| क्र.सं. | भुक्तानी लिनेको नाम | जन्म मिति | किसिम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | पदम बहादुर लुंगेली | २०००/६/१९ | जेष्ठ अन्य | ४००० | दोश्रो चौमासिक |
| २. | मन कुमारी गन्द्रमा | २०२३/५/७ | विधुवा | १२००० | तीन चौमसिक |
| ३. | सुशिला राय | २०३२/१०/१४ | विधुवा | १२००० | तीन चौमसिक |
| ४. | जुनमाया थिङ | २०१७/५/३ | विधुवा | १२००० | तीन चौमसिक |

**गाउँपालिका चालु खर्च तर्फ**

५०. **पदाधिकारी पारिश्रमिक :** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ अनुसार कार्यालयले गाउँपालिका अध्यक्ष्यलाई मासिक रु. ३००००/- उपाध्यक्षलाई मासिक रु. २५०००/-, कार्यपालिकाका सदस्यहरुलाई मासिक रु.६,०००/- र वडा सदस्यहरुलाई मासिक रु. ५,०००/- दरले यस वर्ष सुविधा वापत रु. ३१,९२,०००।- उपलब्ध गराएको पाइयो ।

| क.स. | पद | भुक्तानी रकम |
|---|---|---|
| १ | गाउँ पालिका अध्यक्ष | ३,६०,०००/- |
| २ | गाउँ पालिका उपाध्यक्ष | ३,००,०००/- |
| ३ | वडा अध्यक्ष (वडा नं १ देखी ५ सम्म ) | १२,००,०००/- |
| ५ | कार्यपालीका सदस्य | ४,३२,०००/- |
| ४ | वडा सदस्य (वडा नं १ देखी ५ सम्म ) | ९,००,०००/- |

| | |
|---|---|
| जम्मा | ३१,९२,०००/- |

५१. **गत आ.व.को सुविधा भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा विशेष कारण एवंम परिस्थितीवश चालु आ.व.को बजेटले नखामेमा सोही नियमावलीको उपनियम (८) मा उल्लेखित शिर्षकहरुमा मात्र बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने छ र त्यस्तो भुक्तानी दिन बाँकीको कच्चावारी आर्थिक विवरण साथ तालुक कार्यालय, सम्बन्धीत मन्त्रालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षको कार्यालयमा पठाउनुपर्नेछ भन्ने उल्लेख छ। गाउँपालिकाले भुक्तानी बाँकीको कच्चावारी नबनाई गत आ.व.को छुट पदाधिकारी सुविधा वापत वडा सदस्य बुधमाया शार्कीलाई मिति २०७४ जेष्ठ ५ गते देखी मिति २०७५ असार मसान्त सम्मको रु ६९,३३३/- भुक्तानी गरेको पाइयो। यसरी भुक्तानी बाँकीको कच्चावारी बिना थप आर्थिकभार पर्न गएको रु ६९,३३३/- नियम सम्मत नदेखिएको रु

६९,३३३/-

५२. **बैठक भत्ता:** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ४ तथा अनुसुची १ मा न्यायिक समिति, बिधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यहरुले मात्र बैठक भत्ता पाउने उल्लेख छ। कार्यालयले भौ.नं. ८० मिति २०७५/६/२४ बाट गाउँ कार्यपालिकाको १५० वटा बैठकमा रु.२२५०००/- बैठक भत्ता उपलब्ध गराएको छ। यसरी उक्त ऐनको प्रावधान अनुकूल नहुने गरी बैठक भत्ता वापत खर्च लेखेको रकम नियम सम्मत नदेखिएको रु.

२,२५,०००/-

५३. **बढी भुक्तानी :** नेपाल सरकार कार्य संचालन निर्देशिका, २०७५ को ७.१.१५ मा विभिन्न तालिम संचालन सम्बन्धी व्यवस्था गरको छ। निर्देशिका अनुसार गाउँपालिका स्तरको तालिमको लागी प्रस्तुकिरण गरे वापत प्रति सेशन करिब १५०० शब्दको कार्यपत्र बाचन वापत रु १४००/- प्रति कार्यपत्र भुक्तानी गर्न सकिने भन्ने उल्लेख छ। गाउँपालिकाका शिक्षा शाखा प्रमुख श्री विजय कुमार थिङ्गले विभिन्न कार्यक्रम सञ्चालन गर्दा कार्य पत्र उपलब्ध नगराई प्रति दिन कति शत्र संचालन भएको थियो प्रष्ट हुने प्रमाण पेश नगरी रु २५००/- देखी रु ५,०००/- प्रति दिनका दरले भुक्तानी लिएको पाइयो। यसरी देहायका कार्यक्रम संचालन गरे वापत निर्देशिकाले तोकेको भन्दा बढी भुक्तानी लिन पाउने प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु.

३४,६००/-

| गो.भौ.नं.र मिति | तालिमको नाम | प्रशिक्षकको नाम | भुक्तानी | | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| | | | हुनुपर्ने | भएको | |
| २३/०७५/०३/२४ | १ दिने शिक्षक अर्न्तक्रीया कार्यक्रम | श्री विजय कुमार थिङ्ग | १४०० | २५०० | ११०० |
| | | श्री कमल सिलवाल | १४०० | २५०० | ११०० |
| | २ दिने गणित शिक्षक तालिम | श्री बलराम खड्का | १०००० | २८०० | ७२०० |
| | बाल विवाह न्यूनिकरण २ दिने | श्री शुसिला थिङ्ग | १०००० | २८०० | ७२०० |
| | | श्री विजय कुमार थिङ्ग | १०००० | २८०० | ७२०० |
| | वि.व्य.समितिमा महिला १ दिने | विजय कुमार थिङ्ग | २५०० | १४०० | ११०० |
| | बाल विकास स.का.को २ दिने | श्री लिला ढकाल | १०००० | २८०० | ७२०० |
| | श्री विजय कुमार थिङ्ग विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको एक दिने तालिममा दुई दिन हाजिरि गरी रु. २५००/- बढी भुक्तानी लिएको | | | | २५०० |
| | जम्मा | | | | ३४६००/- |

५४. **कर्मचारी प्रोत्साहन भत्ता :** गाउँपालिकाले आगामी आर्थिक वर्ष २०६७/७७ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि खटिएका विभिन्न ६ कर्मचारीहरुलाई जम्मा रु १,५३,६७०/- प्रोत्साहन भत्ता वापत वितरण गरेको पाइयो। कर्मचारीलाई दिइने प्रोत्साहन भत्ता निश्चित सूचकका आधारमा वितरण गर्नु पर्नेमा सो अनुसार गरेको नपाइएकोले निश्चित कार्य सम्पादन सूचकका आधारमा मात्र प्रोत्साहन भत्ता वितरण तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।

५५. **औषधी खरिद :** कार्यालयले शिलबन्दी दरभाउपत्र बाट श्री ड्रग इन्टरनेश्नल फार्मेशी नयाँ बानेश्वरबाट खरिद गरेको रु ८,७७,५४८/- को औषधी र डालिमा मेडिसेल्स बाट खरिद गरिएको रु ४,२४,८९२/- को औषधी गरी जम्मा रु १३,०२,४४०/- को औषधी कार्यालयमा दाखिला गर्दा औषधीको अवधी समाप्त

| | | |
|---|---|---|
| | मिति नखुलेकोले कुन औषधी कति समयावधीको थियो भन्ने एकिन गर्न सकिएन । कार्यालयले औषधी खरिद गरी दाखिला गराउदा स्वास्थ्य विभागले तोकेको दाँचाको दाखिला फारामको प्रयोग गर्नु पर्ने देखिन्छ । | |
| ५६. | भौ.नं १७८-०७६।१।२२ बाट पशु शाखाको उन्नत जातको बोका वितरण कार्यक्रम वापत पशु शाखा प्राविधिक श्री प्रकाश कुमार बर्माले १० वटा उन्नत जातको बोका खरिद गरी रु.४,०५,०००/- भुक्तानी गरेकोमा पशु सेवा कार्यालय वा अनुमति प्राप्त भेटेरीनरी पशु चिकित्सकबाट बोका पाठीको नश्ल परीक्षण, स्वास्थ्य परीक्षण र तौल प्रमाणित गरिएको रिपोर्ट संलग्न रहेको छैन । साथै किसानहरुलाई बोका वितरण गर्दा कतिसम्म अनिवार्य पाल्नु पर्ने हो सम्झौता गरिएको छैन भने बोकाको पशु विमा समेत गराएको देखिएन । उन्नत जातका बोका वितरण गर्दा अनिवार्यरुपमा नश्ल तथा स्वास्थ्य परीक्षण गर्नुका साथै पशु गराउने र किसानलाई तोकिएको अवधिसम्म अनिवार्य रुपमा पाल्न लगाउनु पर्दछ । | |
| ५७. | **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ। दक्षिणकाली सामुदायिक ग्रामिण विद्युत विस्तार उपभोक्ता संस्थालाई वडा नं. ५ मा विद्युत विस्तारका लागि दिएको पेश्की रु.९०,००,०००/- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको देखिएन । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको पेश्की फछ्र्यौट हुनुपर्ने रु. | ९०,००,०००/- |
| ५८. | **सम्परीक्षण एवं बेरुजु लगत :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण हुंदा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिन भित्र सम्वन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत वर्षसम्मको बेरुजु रु.६१,३१,६८७/१० बाँकी रहेको देखिन्छ । लेखापरीक्षणको क्रममासंपरीक्षणका लागि अनुरोध भएकोमा उक्त बेरुजु संपरीक्षण गरिएको छ । गत विगत वर्षको बेरुजु संपरीक्षण गरी बेरुजु शुन्य बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ५९. | **सम्परीक्षण –** कार्यालयले उक्त बेरुजुमध्ये लेखापरीक्षण डोर समक्ष रु. रु. १२,००,०००।- सम्परीक्षणको पेश गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ। | |

**अनुसूची- १**

## घ्याङलेख गाउँपालिका, सिन्धुलीको सञ्चित कोष विवरण
## २०७५।७६

**(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | घ्याङलेख गा.पा. | सिन्धुली | ४९४६९ | ६७६८४ | १५७७०४ | ८८६२२ | ३१४०१० | ९४३७१ | ६०२०१ | ९८१०३ | २५२६७५ | ११८८०४ |

**अनुसूची-२**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सिन्धुली | घ्याङलेख गा.पा. | ४५ | २९ | ३७७३९ | ० | ० | ० | ४५ | २९ | ३७७३९ | ५५०८ | ९९१ | २२२४० | ० | ० | १०४३६५ | ० | ९००० | ९००० |

**अनुसूची- ३**

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

**(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | घ्याङलेख गा.पा. | सिन्धुली | ६१३२ | १२०० | ४९३२ | ० | ३७७३९ | **!।४ क्षङ्क ल्प्ट्ट क्षल त्व्द्रभि** |